सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश
०८०-WO-०३०६
मुद्दाः उत्प्रेषणसमेत।

भारती शेर्पा ------------------------------------------------------------१ निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौंसमेत ---------------------------१ प्रत्यर्थी

यसमा रिट निवेदन तथा निवेदन साथ पेश भएका कागज प्रमाणहरुको अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपाने र विद्वान् अधिवक्ता श्री तेजवहादुर कटुवालले गर्नुभएको बहस सुनी देहाय बमोजिमको आदेश जारी गरिदिएको छ।

१. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई प्रत्यर्थी मध्येका रिगल ढकाललाई आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत र अन्य प्रत्यर्थीहरुको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ (१) बमोजिम मिति २०८०।०६।२४ गते साँझ ५:०० बजेभित्र लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना तत्काल तामेल गराउनू।
२. प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म निवेदक तथा निजका परिवारका सदस्यहरुलाई यथोचित सुरक्षा प्रदान गर्ने गराउने आवश्यक व्यवस्था गर्न नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाउनू।
३. प्रस्तुत निवेदनमा समावेश भएको कानूनी प्रश्नको जटिलता र महत्त्वको विचार गर्दा पूर्ण इजलासमा पेश गर्नका लागि उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (च) बमोजिम पूर्ण इजलासमा पेश गर्न पेसी व्यवस्थापन निर्देशन समितिमा पेश गर्नू।

Scanned with CamScanner
CamScanner

४. प्रस्तुत विवादित विषयको छिटोछरितो [illegible] लागि मिति २०८०।०६।२५ को पेशी तोकी अग्राधिकार दिई उक्त दिन प्रस्तुत निवेदन सुनुवाई हुने व्यवस्था गर्न र उक्त मितिमा आकस्मिक बिदा परेमा वा अन्य कुनै कारणले इजलास नलाग्ने भई सुनुवाई हुन नसकेमा सोको भोलिपल्ट सुनुवाई हुने व्यंवस्था गर्नू साथै पेशीको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

५. प्रत्यर्थी रिगल ढकालको हकमा मिति २०८०।०६।०३ मा सम्माननीय राष्ट्रपति ज्यूद्वारा माफी मिनाहा सम्बन्धमा भएको निर्णयसहितको सम्पूर्ण सक्कल मिसिल जो जुन निकायमा रहेको छ सो निकायबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत मिति २०८०।०६।२४ भित्र झिकाउनू।

६. प्रतिवादी रिगल ढकाल विरुद्ध वादी नेपाल सरकार भएको ०७७-CR-०३०० को मुद्दामा यस अदालतबाट भएको मुद्दा फिर्ता सम्बन्धी आदेशसहितको मिसिल र उक्त वारदानसँग सम्बन्धित लगाउमा रहेका यस अदालतमा विचाराधिन रहेका अन्य मुद्दाहरुको मिसिलसमेत अवलोकनार्थ साथै राख्नू।

७. प्रस्तुत निवेदनमा महान्यायाधिवक्ता स्वयम् समेतलाई बहसमा उपस्थित हुनु भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनू।

८. प्रस्तुत निवेदनमा रिट निवेदक वा प्रत्यर्थी कुनै पक्षको अनुरोधमा पनि स्थगित नहुने व्यहोरा जनाउ दिई अरु नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

इति सम्वत् २०८० साल असोज १८ गते रोज ५ शुभम् ----------------------------------।

Scanned with CamScanner

CamScanner